# नेपाल राजपत्र

**नेपाल सरकारद्वारा प्रकाशित**

**खण्ड ६०) काठमाडौं, वैशाख ६ गते, २०६७ साल (संख्या १**


# भाग ५

**नेपाल सरकार**

**कृषि तथा सहकारी मन्त्रालयको सूचना**

## वर्ड फ्लू रोग नियन्त्रण (दोस्रो संशोधन) आदेश, २०६६

वर्ड फ्लू रोग नियन्त्रण ओदश, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, दैविप्रकोप (उद्धार) ऐन, २०३९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "वर्ड फ्लू रोग नियन्त्रण (दोस्रो संशोधन) आदेश, २०६६" रहेको छ ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ ।

२. **वर्ड फ्लू रोग नियन्त्रण आदेश, २०६४ को दफा ५ मा संशोधनः** वर्ड फ्लू रोग नियन्त्रण आदेश २०६४ (यस पछि "मूल आदेश" भनिएको) को दफा ५ को उपदफा (१, क) मा रहेका "प्रमाणित भएमा" भन्ने शब्दहरूपछि "वा वर्ड फ्लू रोगको संक्रमण देखा पर्न सक्ने सम्भावना भएमा" भन्ने शब्दहरू थपिएका छन् ।



३. **मूल आदेशको दफा ७ मा संशोधनः** मूल आदेशको दफा ७ को,-

(१) उपदफा (१) को खण्ड (ग), (घ), (ङ) र (च) को सट्टा देहायका खण्ड (ग), (घ), (ङ) र (च) राखिएका छन्:-

"ग खण्ड (क) र (ख) मा उल्लिखित बाहेकका घर पालुवा प्रति पन्छीको लागि देहाय बमोजिम क्षतिपूर्ति दिइने छ:-

(१) छ हप्ताभन्दा मुनिको - पचास रूपैयाँ

(२) छ हप्ताभन्दा माथिको - एक सय तीस रूपैयाँ ।

तर व्यावसायिक रूपमा पालिएका ब्रोइलर कुखुरा भए-

(१) चार हप्ताभन्दा मुनिको - पचास रूपैयाँ

(२) चार हप्ताभन्दा माथिको - एक सय तीस रूपैयाँ

(घ) कुखुरा तथा हाँसको अण्डा भएमा प्रति अण्डा तीन रूपैयाँ ।

(ङ) नष्ट गर्नुपर्ने दाना भएमा प्रति किलोग्राम दश रूपैयाँ ।

(च) नष्ट गर्नुपर्ने घर पालुवा पन्छीको मासु भएमा प्रति किलोग्राम एकसय रूपैयाँ ।"

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) कसैले यस आदेशको विपरित हुने गरी विक्री वितरण वा ओसार पसार गरेको पन्छी वा पन्छीजन्य पदार्थ पक्राउ गरी नेपाल सरकारको सम्बन्धित निकायमा बुझाएमा त्यस्तो व्यक्तिलाई छ हप्तासम्मको पन्छी चल्ला भएमा प्रति चल्लाको पाँच रूपैयाँ र छ हप्ताभन्दा माथिको पन्छी भएमा प्रति पन्छी दश रूपैयाँका दरले पुरस्कार प्रदान गरिनेछ ।"

**आज्ञाले,**

**नाथु प्रसाद चौधरी**

**नेपाल सरकारको सचिव**

**नेपाल सरकार**

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल स्वास्थ्य सेवाका छैठौं र सातौं तहका देहायका अधिकृत कर्मचारीको सरूवा देहायका विभागले गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(१) आयुर्वेद विभाग अन्तर्गतका आयुर्वेद समूहका कर्मचारीको आयुर्वेद विभाग,
(२) औषधि व्यवस्था विभाग अन्तर्गतका फार्मेसी समूहका कर्मचारीको औषधि व्यवस्था विभाग,
३) खण्ड (१) र (२) मा उल्लिखत कर्मचारी बाहेक नेपाल स्वास्थ्य सेवाका अन्य समूहका कर्मचारीको स्वास्थ्य सेवा विभाग ।

खण्ड ५९, संख्या ३४, मिति २०६६।८।२९ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

**आज्ञाले,**
**डा. सुधा शर्मा**
**नेपाल सरकारको सचिव**

**नेपाल सरकार**

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले यस मन्त्रालय र अन्तर्गतका निकायहरूमा कार्यरत देहायका श्रेणी विहिन पदहरूलाई निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (४) बमोजिम देहाय बमोजिम मुख्य कार्य गर्ने र सहायक कार्य गर्ने पद तोकेकोले यो सूचना प्रकाशन गरिएको छः-





तपसिल

| सि.नं. | कार्यालयको नाम | मुख्य कार्य गर्ने पद नाम | सहायक कार्य गर्ने पद नाम |
|---|---|---|---|
| (१) | वन तथा भू-संरक्षण मन्त्रालय | | हलुका सवारी चालक<br>कार्यालय सहयोगी |
| (२) | वन विभाग | वन रक्षक | सवारी चालक<br>का.स. चौकिदार |
| (३) | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | हलुका सवारी चालक<br>गेमस्काउट<br>माझी<br>सयस<br>फरेष्टर (वन रक्षक)<br>माहुत<br>कालिगढ<br>सूचिकार<br>धामी | हलुका सवारी चालक<br>कार्यालय सहयोगी<br>चौकिदार<br>कुचिकार |
| (४) | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | फरेष्ट गार्ड | कार्यालय सहयोगी<br>हलुका सवारी चालक<br>स्वीपर |
| (५) | वनस्पति विभाग | | माली<br>हलुका सवारी चालक<br>पियन कामदार<br>भारी सवारी चालक |
| (६) | भू-तथा जलाधार संरक्षण विभाग | | हलुका सवारी चालक<br>कार्यालय सहायक |

| सि.नं. | कार्यालयको नाम | मुख्य कार्य गर्ने पद नाम | सहायक कार्य गर्ने पद नाम |
|---|---|---|---|
| (७) | पूर्वाञ्चल/मध्यमाञ्चल/पश्चिमाञ्चल/मध्य पश्चिमाञ्चल/सुदूर पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालयहरू | हलुका सवारी चालक | कार्यालय सहायक |
| (८) | पूर्वाञ्चल/मध्यमाञ्चल/पश्चिमाञ्चल/मध्य पश्चिमाञ्चल/सुदूर पश्चिमाञ्चल क्षेत्रीय वन तालिम केन्द्रहरू | | कार्यालय सहायक<br>हलुका सवारी चालक |

**आज्ञाले,**
**डा. अन्नपूर्णानन्द दास**
**नेपाल सरकारको निमित्त सचिव**

**नेपाल सरकार**

## भौतिक योजना तथा निर्माण मन्त्रालयको

## सूचना १

नेपाल सरकारले खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मकवानपुर जिल्लाको हेटौंडा नगरपालिकामा हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड गठन गरी सोही ऐनको दफा ५ को उपदफा (१) बमोजिमको हेटौंडा नगरपालिकाको वडा नं. १,२,३,४,५,६,७,८,९ र १० लाई हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको भौगोलिक क्षेत्र कायम गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ ।





## सूचना २

नेपाल सरकारले खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी चितवन जिल्लाको भरतपुर नगरपालिकामा भरतपुर खानेपानी व्यवस्थापन बोर्ड गठन गरी सोही ऐनको दफा ५ को उपदफा (१) बमोजिमको भरतपुर नगरपालिकाको सम्पूर्ण वडाहरूलाई भरतपुर खानेपानी व्यवस्थापन बोर्डको भौगोलिक क्षेत्र कायम गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ ।

**आज्ञाले,**
**दीप वस्न्यात**
**नेपाल सरकारको सचिव**

**नेपाल सरकार**

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपाल सरकारले भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१.क को उपदफा (१) को प्रयोजनको लागि सार्वजनिक पद धारण गरेका देहायका व्यक्तिहरूले यसै साथ संलग्न ढाँचामा आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा निस्सा सहितको अध्यावधिक विवरण पेश गर्ने प्रयोजनको लागि देहाय बमोजिमको निकाय तोकेको छ :-

| क्र.सं. | सार्वजनिक पद | विवरण पेश गर्नुपर्ने निकाय |
|---|---|---|
| १. | राष्ट्रपति तथा उपराष्ट्रपति | राष्ट्रपतिको कार्यालय |
| २. | प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | संवैधानिक निकायका पदाधिकारी तथा सदस्य | संवैधानिक परिषद्को सचिवालय |

| क्र.सं. | सार्वजनिक पद | विवरण पेश गर्नुपर्ने निकाय |
|---|---|---|
| ४. | संविधानसभा तथा व्यवस्थापिका संसदका अध्यक्ष, सदस्य तथा पदाधिकारी | व्यवस्थापिका संसद सचिवालय |
| ५. | राष्ट्रपतिबाट मनोनित तथा नियुक्त अन्य पदाधिकारी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ६. | सर्वोच्च अदालत, पुनरावेदन अदालत, विशेष अदालत र जिल्ला अदालतका न्यायाधीश | न्याय परिषद् सचिवालय |
| ७. | निजामती सेवाका कर्मचारी | निजामती किताबखाना |
| ८. | नेपाली सेना | नेपाली जङ्गी अड्डा |
| ९. | नेपाल प्रहरी, सशस्त्र प्रहरी र विशेष सेवाका कर्मचारी | प्रहरी किताबखाना |
| १०. | राष्ट्रिय योजना आयोगका सदस्य | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ११. | नेपाल सरकारले नियुक्ति वा मनोनित गरेका अन्य पदाधिकारी | सम्बन्धित मन्त्रालय |
| १२. | लेखा परिक्षण सेवाका कर्मचारी | महालेखा परिक्षकको विभाग |
| १३ | नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक, समिति वा प्रचलित कानून बमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, वोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्थाका पदाधिकारी तथा कर्मचारी | सम्बन्धित मन्त्रालय |





| क्र.सं. | सार्वजनिक पद | विवरण पेश गर्नुपर्ने निकाय |
|---|---|---|
| १४ | नेपाल सरकारद्वारा संचालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्थाका पदाधिकारी तथा कर्मचारी | सम्बन्धित मन्त्रालय |
| १५. | नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालयका शिक्षक तथा कर्मचारी | शिक्षक किताबखाना |
| १६. | स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित स्थानीय निकायका पदाधिकारी तथा कर्मचारी | स्थानीय विकास मन्त्रालय |
| १७. | नेपाल सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्थाका पदाधिकारी तथा कर्मचारी | सम्बन्धित मन्त्रालय |
| १८. | क्र.सं. १३, १४, १५, १६ र १७ मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्थाका पदाधिकारी तथा कर्मचारी | सम्बन्धित मन्त्रालय |
| १९. | क्र.सं. १ देखि १८ सम्म उल्लेख गरिएका देखि बाहेक सार्वजनिक पद धारण गरेका अन्य पदाधिकारी तथा कर्मचारी | सम्बन्धित मन्त्रालय |
| २०. | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्थाका पदाधिकारी तथा कर्मचारी | सोही सूचनामा तोकिएको निकाय |